# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।१०।१७ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला कञ्चनपुर, भिमदत्त नगरपालिका वडा नं. २,१९ र कृष्णपुर नगरपालिका वडा नं. ६ मा आर्थिक बर्ष २०७३/०७४ मा पोष्ट हार्भेष्ट सेन्टर र कष्टम हायरिङ सेन्टर स्थापनाको लागि सञ्चालक समितिमा निकासा भएको रकम समितिले किसानहरुसँग छलफल नै नगरी आफूखुसी कृषि सामग्री खरिद गरी आर्थिक अनियमितता गरेको सम्बन्धमा अनुसन्धान भई सम्मानित विशेष अदालतमा दर्ता भएको मुद्दामा आयोगबाट सरकारी साक्षीको रुपमा पेश गरेका छोटेलाल चौधरी र जनकराज बोहराले अदालतमा वकपत्रका क्रममा प्रतिकूल वकपत्र गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा विशेष अदालत, काठमाडौंमा दर्ता भएको प्रतिवादी दशरथ भण्डारीसमेत भएको भ्रष्टाचार मुद्दामा **छोटेलाल चौधरी र जनकराज बोहरा**लाई उक्त मुद्दाको अनुसन्धानको क्रममा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिएर प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजहरुले विशेष अदालत, काठमाडौंसमक्ष सरकारी साक्षीको रुपमा उपस्थित भई वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयानको व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि हुन आएकोले निजहरु छोटेलाल चौधरी र जनकराज बोहराले मुख्य प्रतिवादीहरु दशरथ भण्डारी र टंकप्रसाद रिजालले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिम कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको हुँदा निजहरु छोटेलाल चौधरी र जनकराज बोहरालाई ऐ. ऐनको दफा २२ बमोजिम मुख्य कसुरदार दशरथ भण्डारीसमेतलाई हुने ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजायको आधा सजाय हुन मागदावी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी